- मानो रोपौं, मुरी फलाऔं,
- खेतीयोग्य जमीन बाँझो नछोडौं,
- पसिना बगाऔं, समुन्नत बनौं,
- आफू र देशलाई परनिर्भरताबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० जेठ ०७ गते आइतवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 May 21 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २६०

## प्रहरीको मिलेमतोमा पर्सामा अवैध घरेलु मदिराभट्टी सञ्चालन

प्रस, भिस्वा, ६ जेठ/
प्रहरीको मिलेमतोमा छिपहरमाई रहेको क्षेत्रमा बुढगाई, भिस्वा, बन्जारी, टिहुकी प्रहरी चौकी छन्। यसका साथै धेरैजसो पालिका र सीमापारि भारतमा पुऱ्याइन्छ।



घरेलु मदिरा ओसार्ने तरीकाः ट्युबभित्र मदिरा भरेर बोरामा बाँधी साइकलबाट सीमापारि लैजाँदै। तस्वीरः सुग्रीव साह

गाउँपालिकामा अहिले अवैध घरेलु मदिराभट्टी फस्टाएको छ। भारतीय सीमासँग जोडिएको यो गाउँपालिकामा अहिले पाँचवटाभन्दा बढी अवैध घरेलु मदिराभट्टी सञ्चालनमा छन्।

वडा नं ३ को झलमैया, ४ को बन्जारी, ५ को भिस्वालगायत आधा दर्जन स्थानमा अवैध घरेलु मदिराभट्टी सञ्चालन भइरहेका छन्। अहिले घरेलु मदिराको दर पनि बढाइएको छ। पहिले रु ८० देखि १०० सम्म पाइने घरेलु मदिरा अहिले भारतीयहरूका कारण भारु १२० मा बिक्री भइरहेको छ। सीमापारि बिहार राज्यमा मदिरा निषेधित भएकोले सिकटा र आसपासका मानिसहरू मदिरासेवनको लागि भिस्वा आउने गर्छन्।

त्यसैगरी, यहाँको अवैध घरेलु मदिरा चोरबाटो भारत पुऱ्याउने गरिन्छ। छिपहरमाईमा अवैध घरेलु मदिरा सञ्चालनमा रहेको र भिस्वामा निर्बाध बिक्री हुनुका साथै सीमापारि सिकटा जाने गरेको प्रहरीलाई थाहा नभएको कुरा होइन। अवैध मदिराभट्टी सञ्चालन सीमामा सशस्त्र प्रहरीको निगरानी छ तर अवैध घरेलु मदिराभट्टी सञ्चालकहरूले चौकी र सशस्त्र प्रहरीलाई महीनावारी दिएर यो धन्दा गर्दै आएका स्थानीयहरू बताउँछन्।

प्रहरीकै नाकमुनि भइरहेको यो धन्दा फस्टाउनुमा प्रहरीको मिलेमतो रहेको स्थानीयहरू बताउँछन्।

प्रस, पंचगावाँ/
पर्सा जिल्लाको पर्सागढी नगरपालिकाको झबराहामा सञ्चालित अवैध घरेलु मदिराभट्टी नियन्त्रण र रोकथाममा प्रहरी अहिलेसम्म असफल भएको छ।

झबराहामा मात्र व्यावसायिकरूपमा तीन सय र व्यक्तिगत सेवनको लागि एक सय गरी चार सय मदिराभट्टी सञ्चालनमा छन्। दशकौंदेखि अवैध घरेलु मदिराभट्टी सञ्चालनमा रहे पनि प्रहरीले काम देखाउन कहिलेकाहीं मात्र छापामारी गरेर नष्ट गरेको देखावा गर्दै आएको छ। यहाँबाट उत्पादित मदिरा बाराका विभिन्न ठाउँ, पर्सा जिल्लाका प्रतिबोतल रु एक सयदेखि १५० पर्ने र यहाँको मदिरा अन्यत्रभन्दा राम्रो भएकोले माग बढी छ। अहिले ट्युब, प्लास्टिकको झोलामा मदिरा भरेर गन्तव्यमा पुऱ्याइन्छ। ठूलो सङ्ख्यामा अवैध घरेलु मदिरा सञ्चालन भइरहेको र यसको रोकथाम नहुँदा स्थानीयदेखि जिल्ला तहसम्म सेटिङ भएको आरोप छ।

यसैगरी, झबराहाबाहेक सखुवाप्रसौनी गाउँपालिका–१ मधुवन मथवल, सिद्धपुर, पटेर्वासुगौली गापा–२ को चापी, थरघट्टी, रामभौरीभाठा, ठोरी गापाको सुवर्णपुर, निर्मलबस्ती, गोपीबस्ती, आठघरे, रामनगरलगायतका क्षेत्रमा अवैध मदिराभट्टी सञ्चालन हुँदै आएका छन्।

घरेलु मदिराभट्टीबारे प्रहरीमा जानकारी नभएको होइन तर यसविरुद्धको अभियान अहिलेसम्म सञ्चालन हुन सकेको छैन। जसले गर्दा अवैध घरेलु मदिराभट्टी पर्सा जिल्लामा दिनानुदिन बढ्ने क्रममा छन्।

## पर्सा र बारामा एकै दिन २५८ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ६ जेठ/
पर्सा र बारामा एकै दिन २५८ जनाले रक्तदान गरेका छन्। पर्साको तीन ठाउँ र बारा, कलैयाको एक ठाउँमा गरी चार ठाउँमा छजना महिलासहित २५८ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका इन्चार्ज सौरभराज पाण्डेले जानकारी गराए।

इलाका प्रहरी कार्यालय, छपकैयाले आयोजना गरेको रक्तदानमा एकजना महिलासहित १०० जना, बगही युवा क्लबले आयोजना गरेको रक्तदानमा तीनजना महिलासहित ७५ जना, महालक्ष्मी विकास बैंक, कलैयाले आयोजना गरेको रक्तदानमा एकजना महिलासहित ४४ जना र जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले आयोजना गरेको रक्तदानमा एकजना महिलासहित ३९ जना गरी २५८ जनाले रक्तदान गरेको उनले बताए।

'सडक सुरक्षा सप्ताह २०८०' कार्यक्रमको छैटौं दिन शनिवार जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले आयोजना गरेको रक्तदान कार्यक्रममा कोपिला श्रेष्ठ, मनमोहनकुमार यादव, किरण चौधरी, ध्रुव चौधरी, गोविन्द हिमाल, राम महतो, सद्दाम हुसेन, प्रेमलाल साह, आशिषकुमार साह, कृष्ण वर्णवाललगायतले रक्तदान गरेका दिलीपराज कार्कीले जानकारी दिए।



तस्वीरः प्रतीक





तस्वीरः प्रतीक

वीरगंज महानगरपालिका–२८ बगहीमा भएको रक्तदान कार्यक्रममा सचिता देवी, सविता देवी, भूमि कुर्मी, राजकुमार राउत, राकेश राउत, विक्रमकुमार पटेल, सुरेन्द्रकुमार पटेल, विक्रम सहनी, अच्छेलाल ठाकुर, नन्दु साह, धर्मेन्द्रप्रसाद यादव, मुकेशकुमार महतो, रूदल यादव, घनश्याम पटेल, सुनीलकुमार साह, कुशलराज महतो, केदार पटेल, प्रदीप साह, अजितकुमारलगायतले रक्तदान गरेका थिए।

यसैगरी, इलाका प्रहरी कार्यालय, छपकैयाको आयोजनमा सम्पन्न रक्तदान कार्यक्रममा सन्दीप यादव, गणेश ठाकुर, सुमन पटेल, मनोज साह, दिनेश साह, जुबेर आलम, अजय गुप्तालगायतले रक्तदान गरेका थिए।

## बौलाहा कुकुरको आतङ्कबाट वीरगंजेली जनता त्रसित

प्रस, वीरगंज, ६ जेठ/
वीरगंज महानगरपालिकामा बौलाहा कुकुरको सङ्ख्यामा वृद्धि भएको छ। शनिवार एक दिनमा २० जनाभन्दा बढी मानिसलाई कुकुरले टोकेपछि उपचारको लागि नारायणी अस्पतालमा आएका थिए।

वीरगंज महानगरपालिकामा भुस्याहा कुकुरको बन्ध्याकरण गरे पनि कुकुरको सङ्ख्या वृद्धि भइरहेको छ।

दैनिकरूपमा पाँच/छ जनाको सङ्ख्यामा कुकुरले टोकेका पीडित आउने गरे पनि आज एक्कासि २० जनाभन्दा बढी कुकुरले टोकेका पीडित आएका छन्। वीरगंज वडा नं ३ की ६० वर्षीया देवकुमारी यादव कुकुरको टोकाइले गम्भीर घाइते भएकी छन्। आज वीरगंज वडा नं १, २, ३, ४, ७, १०, १२ बाट



तस्वीरः फाइल

कुकुरले टोकेका पीडितहरू आएका छन्।

उनीहरूलाई औषधोपचार गरेर घर पठाइएको छ भने वडा नं ३ की देवकुमारी यादवको हातमा कुकुरले टोकेर गम्भीर घाइते बनाएपछि प्राथमिक उपचार गरी अन्य अस्पतालमा पठाइएको आकस्मिक कक्षका चिकित्सक सुशील कुमारले बताए।

## शिक्षक महासङ्घद्वारा आन्दोलनको घोषणा

प्रस, वीरगंज, ६ जेठ/
नेपाल शिक्षक महासङ्घ, पर्साले भोलिदेखि आन्दोलनको घोषणा गरेको छ।

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा नेपाल शिक्षक महासङ्घ, पर्साका अध्यक्ष तीर्थराज यादवले आइतवारदेखि मङ्गलवारसम्म पहिलो चरणमा तीन दिने सङ्घर्षका कार्यक्रम ल्याइएको बताए।



आन्दोलनको कार्यक्रमबारे जानकारी गराउँदै। तस्वीरः प्रतीक

स्थानीय पालिकाले शिक्षा ऐनविपरीत गर्न लागेको सरुवा, बढुवा, घटुवालगायत काखापाखा रवैयाको विरुद्धमा शिक्षक महासङ्घ आन्दोलित भएको उनले जानकारी गराए।

आइतवार पर्साका सबै शिक्षक कर्मचारीले हातमा कालोपट्टि बाँधेर विरोध प्रदर्शन गर्नेछन् भने सोमवार र मङ्गलवार वीरगंज महानगरपालिका कार्यालयअगाडि दिउँसो १ बजेदेखि शिक्षक महासङ्घमा आबद्ध शिक्षक, कर्मचारीहरूले धर्ना प्रदर्शन गर्ने कार्यक्रम रहेको उनले जानकारी गराए। यसअघि शिक्षक महासङ्घले शिक्षा ऐनविपरीत मनपरी ढङ्गले स्थानीय पालिकाहरूले गरेको सरुवाको विरोध जनाउँदै सात दिने अल्टिमेटम दिएको थियो। दश बुँदे

(बाँकी अन्तिम पातामा)

## छुरा प्रहार गरी हत्या

प्रस, रौतहट, ६ जेठ/
छुरा प्रहार गरी शुक्रवार राति गौर नगरपालिकामा एकजनाको हत्या गरिएको छ।

गौर नगरपालिका वडा नं ७ सिसवा टोलका ४५ वर्षीय यार महमद खानलाई गएराति करीब १० बजे छुरा प्रहार गरी हत्या गरिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ।

यार महमद गएराति खाना खाएर घरबाहिर घुमफिर गर्न निस्किएको समयमा छिमेकी शेख कादिरबीच सामान्य वादविवाद भएपछि कादिरले खल्तीबाट छुरा निकालेर महमदमाथि प्रहार गरेका थिए।

कादिरले खानको बायाँ छातीमा छुरा प्रहार गर्दा गम्भीर घाइते भएपछि तत्कालै छिमेकी तथा घरपरिवारका सदस्यहरूले प्रादेशिक अस्पताल, गौरमा पुऱ्याउँदा चिकित्सकले मृत घोषित गरेको प्रहरीले जनाएको छ।

छुरा प्रहार गरी कादिर फरार भएपछि निजको खोजी भइरहेको तथा मृतकको शव शल्यपरीक्षण गरेर सम्बन्धित परिवारलाई जिम्मा लगाउने जिल्ला प्रहरी कार्यालय, रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक उमाशङ्कर यादवले बताए।

### विचारसार र सूक्तिहरू

**दियो तेलले भरिए पनि हावाको झोंकाले ज्योतिलाई निभाइदिन्छ । हरेक व्यक्ति क्षमताले भरिएको हुन्छ तर असमयको झोंकाले उसलाई समयभन्दा पहिले निम्न विवश गर्छ ।**



| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोष्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# बजेट : लोकरिझाइ कि लोककल्याणकारी ?

सरकारले सुशासन प्रवर्द्धनदेखि आय आर्जनका मुद्दालाई समावेश गरेर आगामी वर्षको नीति तथा कार्यक्रम ल्याएको छ। सामान्यतः नीति तथा कार्यक्रममै टेकेर आगामी आर्थिक वर्षको बजेट आउने र बजेट कार्यान्वयनलाई सहजीकरण गर्ने गरी नेपाल राष्ट्र बैंकले मौद्रिक नीति ल्याउने अपेक्षा गरिन्छ। तर यी तीनवटै कुराको तालमेलमा भने निकै विरोधाभास रहने गरेको छ।

कोरोना महामारीयता शिथिल बन्दै गएको अर्थतन्त्रका सूचकहरूमा सुधार आएको दाबी सरकारको नीति र कार्यक्रममा छ। सुशासनको प्रत्याभूति सुदूरसम्म देखा नपरेको अवस्थामा सरकारले उच्च पदस्थलगायत जोकोहीले गैरकानूनीरूपमा आर्जन गरेको सम्पत्तिलाई छानबीनको दायरामा ल्याउने भनेको छ। यो पर्खाइको विषय बनेको छ। सरकारले हालको राजस्व प्रणालीलाई सुदृढ तथा चुस्त बनाउँदै कर प्रणालीमा पुनरवलोकन गर्ने र राजस्वको दायरा बढाउने घोषणा पनि गरेको छ। आर्थिकसँगै राजनीतिक मुद्दाहरूलाई पनि छोएको कार्यक्रमले विकास निर्माणलाई प्राथमिकतामा राखेको छ।

बाराको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको प्रक्रिया अगाडि बढाइने कुरालाई प्राथमिकतामा राखेको छ भने स्वास्थ्य सेवा शिक्षाका लागि सबै प्रदेशमा मेडिकल कलेज स्थापना गरिने, प्रत्येक गाउँपालिकामा एउटा स्मार्ट विद्यालय बनाइने, विदेशमा रहेका नेपालीहरूलाई मताधिकारको व्यवस्था गरिने, पूँजी पलायनमा कडाइ गरिने, बर्खायाममा मासिक ५० युनिट र हिउँदमा मासिक ३० युनिटसम्म विद्युत् खपत गर्ने उपभोक्तालाई निश्शुल्क विद्युत् उपलब्ध गराइनेलगायतका लोकरिझाइका कार्यक्रम पनि समेटिएका छन्। जेठ १५ गते सार्वजनिक हुने बजेटको तयारीमा अर्थ मन्त्रालय अहिले जुटेको छ। स्वाभाविकरूपमा यसमा सबैको चासो केन्द्रित भएको छ।

गौरवका योजनाहरूको कछुवा गतिले पूर्वाधार विकासको सरकारी प्रतिबद्धतालाई उजागर गरिराखेको छ। तयार भएका योजना पनि आर्थिक सम्भाव्यता हिसाबले निकै कमजोर साबित भइरहेका छन्। यसले अन्य योजनाको औचित्यमा पनि प्रश्न खडा गरिदिएको छ। राजनीतिक आग्रहमा योजना बाँड्ने गरिएको छ। गौरवका योजनामा पनि व्यावसायिक सम्भावनाभन्दा आग्रह र लहड बढी देखिन्छ। अहिले प्रधानमन्त्रीदेखि सभामुख र शक्तिशाली नेताहरूको राजनीतिक स्वार्थ गाँसिएका योजनाको सूची सानो हुँदैन।

अधिकांश बजेटले नीति तथा कार्यक्रम र योजना आयोगको सुझावलाई बेवास्ता गरेको पाइन्छ। बजेटका मान्यता र योजनालाई मौद्रिक नीतिले समर्थन गरेको देखिँदैन। यस अर्थमा यो भन्न सकिन्छ कि यी सरकारी दस्तावेजबीच तालमेल छैन, यी केवल बर्सेनि दोहोरिने कर्मकाण्ड मात्रै हुन्। बजेट यस्तो बनाइन्छ, बर्सेनि पटकपटक संशोधनमा पर्दछ। बजेट एक प्रकारले सत्तासीन दलका नेता, कार्यकर्ता रिझाउने उपाय बढी बनेको देखिन्छ। यो समस्या नै अर्थतन्त्रको स्वाभाविक गतिको अवरोध हो।

विप्रेषणको आर्थिक वृद्धि दिगो हुँदैन। वैदेशिक रोजगारबाट आउने आयको आकार बढे पनि वृद्धिदर भने घट्दै गएको छ। विप्रेषणको आम्दानीले सिर्जना गरेको मागको आपूर्ति उत्पादनबाट सम्भव नभएपछि व्यापारघाटाको आकार स्वाभाविकरूपमा विस्तार भइराखेको छ। अर्थतन्त्रमा उत्पादनको आकार निरन्तर ओरालो लागेको छ। कुल गार्हस्थ्य उत्पादनमा उत्पादन क्षेत्रको योगदान पाँच प्रतिशतमा झरेको छ।

बाहिरको लगानी आकर्षणमा कुरा मात्र बढी भएको छ, वातावरण बन्न सकेको छैन। बाह्य लगानीकर्ताको मनोविज्ञान टाढाको कुरा भयो। सरकारले निजी क्षेत्रलाई विकासको केन्द्रमा राखेको प्रस्टीकरण दिइराखेको छ, तर निजी क्षेत्र ढुक्क छैन। स्वदेशी लगानीकर्ता नै आश्वस्त छैनन्। सत्ता सञ्चालकका बोली, व्यवहार, नीति र कानूनी प्रावधानप्रति निजी क्षेत्र सशङ्कित छ। लगानी आकर्षणका अल्पकालीन र दीर्घकालीन विकास योजना के छन् ? सरकारसँग यसको वैकल्पिक योजना के छ ? आउँदो बजेटले यो अन्योलपूर्ण नीतिगत निकास दिन सक्नुपर्छ।

लगानीको वातावरण छैन। उच्च ब्याजदर, घट्दो माग समस्याको रूपमा अगाडि आएको छ। नेपालको व्यावसायिक वातावरणमा सुधार आएको छैन। तर सुधारका अङ्कमा केही तलमाथिले लगानीलाई खासै फरक पार्ने पनि होइन। सत्य के हो भने यो मामिलामा लगानीकर्ताले सरकारलाई भन्दा अध्ययनमा संलग्न बहुपक्षीय निकायहरूलाई नै बढी विश्वास गर्छन्। त्योभन्दा पनि महत्त्वपूर्ण कुरा लगानीकर्ताले कस्तो अनुभूति गरिराखेको छ भन्ने विषय मुख्य हो।

देशको आर्थिक अवस्थालाई कुन नीतिबाट अघि बढाउने हो, त्यसको स्पष्ट चित्रण बजेटमा भेटिनुपर्दछ। बजेट विकासको स्वरूप र गतिलाई निर्दिष्ट गर्ने मार्गनिर्देशक हो। बजेटमा लोकप्रियतालाई घुसाउँदा यसको उपादेयता राजनीतिक पर्चाबाहेक अन्य नहुन सक्छ। राजनीतिक लोकप्रियता र माग असीमित हुन्छन्। बजेटले त यथार्थलाई समेट्नुपर्छ।

बजेटले यथार्थ आवश्यकताको प्राथमिकीकरणलाई योजनाको आधार बनाउनुपर्छ। बजेटमा लोकरिझाइका योजना यति राखिन्छ कि यो राजनीतिक दलको चुनावी घोषणापत्रजस्तो लाग्छ। चुनावी घोषणामा मात्रै लोकप्रियताले प्रशस्त स्थान पाउँछन्। बजेटलाई लोकप्रियताको पुलिन्दा बनाउने परिपाटीको टेकोमा उभिएर अल्पकालीन विकास लक्ष्यमा पनि पुग्न सम्भव छैन। यो सपना देखाएर जनता अल्मल्याउने उपायबाहेक अन्य केही साबित हुँदैन।

### समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**बजेटले यथार्थ आवश्यकताको प्राथमिकीकरणलाई योजनाको आधार बनाउनुपर्छ । बजेटमा लोकरिझाइका योजना यति राखिन्छ कि यो राजनीतिक दलको चुनावी घोषणापत्रजस्तो लाग्छ । चुनावी घोषणामा मात्रै लोकप्रियताले प्रशस्त स्थान पाउँछन् ।**

# प्राणायामबाट शरीरलाई यसरी माझौं

महर्षि पतञ्जलिलाई प्राचीनकालदेखि भारतवर्षमा प्रचलित योगको विधालाई सुव्यवस्थित गर्न एवं वैज्ञानिक आधार दिएको श्रेय जान्छ। पतञ्जलि योग मूलतः मनलाई लिएर हिंड्छ तर व्यक्तित्वको कुनै पनि आयाम यसबाट अछूतो छैन। शरीर र प्राण पनि यसमा आफ्नो यथोचित स्थान पाउँछ। वास्तवमा यो मनमा कार्य गर्ने पूर्वतयारी हो। शरीरको लागि आसन हो भने प्राणतत्त्वको शुद्धि एवं संवर्द्धनको लागि प्राणायामको व्यवस्था यहाँ छ, जसले साधकलाई योगको उच्चस्तरीय प्रयोगको लागि तयार गर्छ।

पतञ्जलिको अष्टाङ्गयोगमा यम-नियम र आसनपछि प्राणायाम चौथो चरणमा आउँछ। यसको उद्देश्य प्राणलाई स्थिर गरेर मनको धारणा-ध्यान अनुकूल बनाउनु हो किनभने प्राणको मनसँग सीधा सम्बन्ध हुन्छ। यदि प्राण चञ्चल छ, अस्थिर छ भने मन पनि तदनुरूप नै आचरण गर्छ। यदि प्राण पुष्ट हुन्छ भने मन पनि पुष्ट हुन्छ। प्राणको अशुद्धि साधनामा एउटा ठूलो बाधा मानिन्छ। प्राणायामले यसको मैलो टाढा गरेर मनलाई ध्यानअनुकूल बनाउनमा सहायक बनाउँछ।

वस्तुतः प्राण एउटा सूक्ष्म तत्त्व हो, जसलाई हामी आफ्नो श्वासप्रश्वासको रूपमा अनुभव गर्छौं र यसलाई प्राणवायु नाम दिन्छौं। जुन प्रकार पृथ्वी, अग्नि, जल, वायु, आकाशको रूपमा पञ्चतत्त्वको भौतिक स्वरूप हुन्छ, यस्तै नै प्राण, विचार, बुद्धि, आत्मा, परमात्माचेतनाको रूपमा पाँच सूक्ष्म चैतन्य तत्त्व हुन्छन्, जसमा प्राण सबैभन्दा प्रत्यक्ष एवं महत्त्वपूर्ण हो। प्राणायामको भौतिक विधा यसैको परिशोधन एवं संवर्द्धनको वरपर केन्द्रित रहन्छ।

प्राणको कारण नै समस्त सजीव विग्रहलाई प्राणीको नाम दिइएको छ। प्राण शरीरबाट निस्किने बित्तिकै उसलाई निष्प्राण घोषित गरिन्छ। यस कायामा निश्चित मात्रामा प्राणको मात्राको कारण नै हाम्रो गतिविधि चलिरहेको हुन्छ। यो विकृत भएपछि सम्पूर्ण प्रकारका आधि-व्याधि एवं विसङ्गतिहरू उत्पन्न हुन्छन्। प्राण सूक्ष्मनाडीको माध्यमबाट कायामा प्रभावित हुन्छ। प्राणायामद्वारा यी नाडीहरूमा प्रवाहित अशुद्ध प्राणको शुद्धि हुन्छ। प्राणको विस्तार हुन्छ भने व्यक्ति प्राणवान् बन्छ। पृथ्वीमा प्राणको स्रोत सूर्य-सवितालाई मानिएको छ। प्राणायामको विधामा जाने अनजानेमा त्यस महाप्राणसँग जोडिने अभ्यास पनि हुन्छ, जुन व्यक्तिलाई हरेक दृष्टिले बलशाली, तेजस्वी र सशक्त बनाउँछ।

पातञ्जल योगसूत्रमा आसनको सिद्धि भएपछि श्वास र प्रश्वासको गति स्थिर हुने प्राणायामको रूपमा परिभाषित गरिएको छ। यसको आधारभूत घटक हो- रेचक, पूरक र कुम्भक। पूरकमा व्यक्ति नासिकाग्रबाट सास लिएर फोक्सोमा पूर्णरूपले भर्छ। कुम्भकमा लिएको श्वासलाई केही समय भित्रै रोकिन्छ। रेचकमा यसलाई बाहिर छाडिन्छ र त्यसपछि बाह्य कुम्भकमा रोकिन्छ। यस प्रकारले क्रम चलिरहन्छ र यसको विधि एवं भेदको आधारमा प्राणायामको वर्गीकरण गरिएको छ।

यस क्रममा प्राणायामको साथै फोक्सोको व्यायाम पनि हुन्छ। फोक्सोमा माहुरीको चाकासरह करोडौं वायुकोष्ठ विद्यमान हुन्छन्। सही ढङ्गले सास नफेर्दा वा प्रयोगमा नआउँदा वायुकोष्ठ अशक्त हुन्छन्। यसको निष्क्रियताको कारण समयमा रोगाणुको शिकार भएर फोक्सो रोगको घर बन्न पुग्छ। फोक्सोको कमजोरीले तपेदिक जस्ता रोग यसै कारणले हुन्छ। प्राणायामको साथ लिइएको गहिरो श्वासले यी वायुकोष्ठलाई सक्रिय बनाउँछ, यसलाई जीवन्त गर्छ र फोक्सोलाई सशक्त बनाउँछ।

**प्राणाकर्षण प्राणायामको लागि बिहान शौच-स्नान आदि नित्यकर्मबाट निवृत्त भएर सुखासनमा ध्यानको अवस्थामा आँखा बन्द गरेर बस्नुपर्छ । मनलाई विचार बाट शून्य गरेर कल्पना गरौं कि चारैतिर प्राणको महासमुद्र लहलहाइरहेको छ र हामी यसको बीचमा बसेका छौं ।**

प्राणायामको प्रक्रियामा लिइने गहिरो श्वासको साथै पेटका अङ्ग, अवयवका साथ नाभिस्थित सूर्यचक्रको मालिश हुन्छ, जसको कारण शरीरको अन्तःस्रावीय ग्रन्थिहरू सक्रिय हुन पुग्छन् र तदनुरूप स्वास्थ्यलाभ हुन्छ। प्राणायामको साथ प्राणको प्रवाह इडा एवं पिंगला नाडीहरू हुँदै प्रवाहित हुन्छ तथा यसको सम्मिलित प्रभाव सुषुम्ना नाडीलाई सक्रिय गर्छ, जसको सूक्ष्म मनोआधात्मिक लाभ व्यक्तिले पाउँछ। पातञ्जल योगसूत्र अनुसार प्राणायामको फलश्रुति प्रकाश अर्थात् ज्ञानको आवरण क्षीण हुनु बताइएको छ।

आचार्यश्रीको शब्दमा योगी साधकको जस्तो-जस्तो प्राणायामको नियमित अभ्यास प्रवर्द्धित हुन्छ, त्यस्तै त्यस्तै उसको सञ्चित कर्म, संस्कार एवं अविद्याजनित क्लेश-विकारादि जुन कि ज्ञानको आवरण रूप हो, यो सबै क्षीण हुँदै जान्छ। जुन प्रकार अग्निद्वारा तप्त भएको सुनको समस्त विकार नष्ट हुन्छ, त्यसै प्रकार योगीका समस्त आवरण प्राणायामको अभ्यासबाट नष्ट हुन पुग्छन्। प्राणायामको दीर्घकालीन नियमित अभ्यासद्वारा नै मनमा धारणाको योग्यता आउँछ अर्थात् साधक योगको उच्चस्तरीय प्रयोगको लागि तयार हुन्छ।

यी लाभलाई हेर्दै हाम्रा ऋषिमुनिले त्रिकाल सन्ध्याको विधानमा प्राणायामको विधालाई अनिवार्यरूपले सामिल गरेका छ, ताकि हरेक साधकले केही मिनेटसम्म नियमित यसको अभ्यास गरिरहोस्। प्राणायामका धेरै विधि बताइएका छन्, जसलाई व्यक्तिको स्थिति एवं आवश्यकता अनुरूप प्रयुक्त गर्न सकिन्छ, तर कुनै विशेषज्ञको मार्गदर्शनमा नै यसको प्रयोग गर्नु उचित रहन्छ। परमपूज्य गुरुदेवले सर्वसाधारणको लागि यसको सरलतम् किन्तु प्रभावशाली विधि प्राणाकर्षण प्राणायाम बताएका छन्।

प्राणाकर्षण प्राणायामको लागि बिहान शौच-स्नान आदि नित्यकर्मबाट निवृत्त भएर सुखासनमा ध्यानको अवस्थामा आँखा बन्द गरेर बस्नुपर्छ। मनलाई विचारबाट शून्य गरेर कल्पना गरौं कि चारैतिर प्राणको महासमुद्र लहलहाइरहेको छ र हामी यसको बीचमा बसेका छौं। अब स्वाभाविक गतिले नाकका दुवै नथुनाबाट श्वास तान्दै भावना गरौं कि चारैतर्फ विद्यमान प्राण हाम्रो श्वासको भित्र प्रवेश गरिरहेको छ र अङ्ग-प्रत्यङ्गमा व्याप्त भइरहेको छ। श्वासलाई थोरै बेरपछि आफ्नो क्षमता अनुसार रोकौं र पुनः बिस्तारै-बिस्तारै बाहिर निकालौं। यो प्रक्रिया प्रारम्भमा पाँच-सातपटक दोहोर्‍याऔं, जसबाट कुनै थकावट वा भार प्रतीत नहोस्। यसको आवृत्ति र समयलाई बिस्तारै-बिस्तारै बढाउन सकिन्छ। नियमितरूपले यस अभ्यासको स्वास्थ्यमाथि अद्भुत प्रभाव परिलक्षित हुनेछ र भित्र एउटा नयाँ शक्तिको सञ्चार अनुभव हुनेछ।

यसमा केही सावधानी अपनाउनु आवश्यक हुन्छ। जुन पनि प्रक्रिया गरौं, बिस्तारै-बिस्तारै आरम्भ गर्नुपर्छ। आफ्नो क्षमतालाई हेर्दै बिस्तारै-बिस्तारै आवृत्ति एवं समयलाई बढाउनुपर्छ। यसमा हतार एवं अति गर्नुहुँदैन र साथै यसको समुचित लाभ लिनको लागि नियमितता बनाइराख्नुपर्छ। स्थान स्वच्छ एवं हावादार हुनुपर्छ। प्रदूषित वातावरणमा यो गर्नुहुँदैन। क्रियाको साथ भावलाई जोड्ने प्रयास गरौं, जुन कि यसको प्राण रहन्छ। विनाभावको मात्र क्रियाको पनि भौतिक लाभ पाइन्छ तर भाव जोड्नाले यसको समग्र लाभ सुनिश्चित हुनेछ।

# भ्रष्टाचारको अन्त्य गर्नु सरकारको पहिलो प्राथमिकता हुनुपर्छ -अध्यक्ष नेपाल

धनुषा, ६ जेठ/रासस

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले भ्रष्टाचारको अन्त्य गर्नु सरकारको पहिलो प्राथमिकता हुनुपर्ने बताएका छन्।

जनकपुरधाम विमानस्थलमा आज सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपालले राष्ट्रिय समस्याका रूपमा रहेको भ्रष्टाचारको अन्त्य गर्नु सरकारको पहिलो प्राथमिकता हुनुपर्ने जिकिर गरे।

उनले भ्रष्टाचारको अन्त्य नभएसम्म देशलाई विकासतर्फ डोहोर्‍याउन कठिन हुने भएकोले यो राष्ट्रिय समस्या समाधान हुनु आवश्यक रहेको बताए। भ्रष्टाचारलाई निर्मूल पार्नु नै अहिले पहिलो प्राथमिकता हुनुपर्ने उनको कथन थियो।

नेपालले भने, “सरकार मुलुकमा सुशासन कायम गर्नका लागि कदम उठाइरहेको छ। यो राम्रो विषय हो। नीति तथा कार्यक्रममा देश र जनताको समस्या समाधानका उपाय खोज्ने गरी ल्याइएको छ।”

अर्को प्रसङ्गमा अध्यक्ष नेपालले रेशम चौधरीको रिहाइका लागि हामी सबै लागिपरेको बताए।

मधेस सरकारको नेतृत्व परिवर्तन वा सरकार परिमार्जनको कुरा उठिरहेको बेला उनले जसपा संसदीय दलका नेता सरोजकुमार यादव नेतृत्वमा रहेको सरकारलाई नै निरन्तरता दिने गरी सहमति भएको बताए।



तस्वीरः फाइल

श्रीमान् सम्पादकज्यू,
प्रतीक दैनिक, वीरगंज।

वीरगंजबाट प्रकाशित राष्ट्रिय ‘क’ वर्गको पत्रिका प्रतीक दैनिकले २०८० जेठ ६ गते शनिवार मुख पृष्ठमा प्रकाशित गरेको ‘डिभाइडरमा गरिएको वृक्षारोपणमा अनियमितता’ शीर्षकको समाचारप्रति वीरगंज महानगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। घण्टाघरदेखि पावरहाउस चोकसम्म डिभाइडरमा गरिएको वृक्षारोपण कार्य कसैको लहड र कसैलाई पोषित गर्न नभई नगरलाई हराभरा र सुन्दर बनाउन गरिएको योजना हो। महानगरपालिका शून्य सहनशीलता नीतिका साथ अघि बढिरहेकोले यसमा कसैले अनियमितता गर्ने, हेलचेक्र्याइँ गर्ने भन्ने गुन्जाइस नै रहँदैन।

पर्सेली पत्रकारिताको खम्बाको रूपमा रहेको प्रतीक दैनिकले यथार्थ र तथ्यमा रहेर समाचार प्रकाशन गर्नेछ भन्ने अपेक्षा महानगरले सधैं गर्छ। तर कपोकल्पित, भ्रामक र तथ्यहीन भएर प्रकाशित गरेको समाचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

समाचारको शीर्षकमै अनियमितता भनेर लेख्ने पत्रिकाले समाचारको भित्री भागमा रकम निकासा नभएको स्पष्ट लेखेकै छ। वृक्षारोपण गर्ने सम्बन्धित संस्थाले सम्झौता अनुसार बिरुवा रोपेर त्यसको संरक्षण नगरे भुक्तानी नहुने भनेर नगरप्रमुखले स्पष्ट भनिसक्नुभएकै छ। अहिले घण्टाघरदेखि पावरहाउस चोकसम्म रोपिएका प्रायः सबै बिरुवा सप्रिएका छन्। यो लुकाएर राख्न सकिने कुरै होइन। त्यो बाटो हिंड्ने जोकोहीले पनि स्पष्ट देख्न सक्छन्। यस्तै, वन तथा वातावरण शाखाबाट अघि बढेको यो योजनाको फाइल सम्बन्धित शाखामा खोज्दा अवश्य भेटिनेछ। विगतमा जस्तो फाइल हराउने, लुकाउने प्रवृत्ति हामीले समाप्त पारेका छौं। खोजिएका हरेक फाइल दुरुस्त भेटिने स्पष्ट पार्न चाहन्छौं।

वीरगंज महानगरपालिकाले वृक्षारोपण मात्रै नभई नगर सफा र सुन्दर बनाउन विभिन्न योजना अघि बढाएको छ। यसमा कहीँकतै पनि अनियमितता र हेलचेक्र्याइँ हुन नदिने गरी महानगरले काम गरिरहेको जानकारी गराउँदै प्रतीक दैनिकले तथ्यमा रहेर सत्य समाचार प्रकाशित गर्नेछ भन्ने आशासहित यो ध्यानाकर्षण गराइएको छ।

महेश दास, प्रेस सल्लाहकार
महानगर प्रमुख, वीमनपा

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४८

## अन्तर्राष्ट्रिय समाचार

# भारत र अमेरिका प्रतिरक्षा सहयोग बढाउँदै

वाशिङ्टन, ६ जेठ/एएनआई

भारत र अमेरिकाले पारस्परिक प्रतिरक्षा सहयोगलाई अझ सुदृढ बनाउने



भारतका रक्षा सचिव गिरिधर अर्माने (दायाँ) र उनका अमेरिकी समकक्षी कोलिन काहल। तस्वीरः एएनआई

प्रतिबद्धता व्यक्त गर्दै त्यसलाई अझ सघन बनाउनुपर्नेमा जोड दिएका छन्। गत बुधवार वाशिङ्टनमा दुवै देशका रक्षा सचिवबीच भएको बैठकमा प्रतिरक्षा एवं औद्योगिक सहयोगलाई अझ सघन बनाउने सहमति भएको हो।

भारतका रक्षा सचिव गिरिधर अर्माने र उनका अमेरिकी समकक्षी कोलिन काहल नेतृत्वको द्विपक्षीय बैठकमा भारत–अमेरिका रक्षा साझेदारीको प्रगति समीक्षाका साथै त्यसलाई अझ घनीभूत तुल्याउनेबारेमा छलफल भएको रक्षा मन्त्रालयले जनाएको छ। सचिवद्वयले भारत–अमेरिका रक्षा नीति समूहको १७औं बैठकको सहअध्यक्षता पनि गरेका थिए।

रक्षा मन्त्रालयका अनुसार बैठकमा भारत–अमेरिका सैन्य सहायता, द्विपक्षीय प्रतिरक्षा सम्झौताको कार्यान्वयन, हिन्द महासागर क्षेत्रमा जारी सैन्य अभ्यास, साझेदारीका भावी परियोजनाका महत्त्वपूर्ण पक्षमा छलफल भएको थियो। प्रविधि साझेदारी, दीर्घकालीन अनुसन्धान र विकास, आपूर्ति शृङ्खला, सुरक्षा सुधारलगायत प्रतिरक्षा तथा औद्योगिक सहयोग अभिवृद्धिमा छलफल केन्द्रित थियो।

प्रतिरक्षासँग सम्बन्धित भारतीय र अमेरिकी प्रतिष्ठानले मिलेर काम गर्न सक्ने सम्भावित क्षेत्र र परियोजनासहित भारतमा सहविकास एवं सहउत्पादनलाई प्रवर्द्धन गर्नेबारेमा पनि छलफल भएको रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। निजी र सरकारी क्षेत्रबीचको साझेदारी र सहकार्यलाई प्रोत्साहन गर्दै नवप्रवर्तनका परियोजनामा मिलेर काम गर्न दुवै पक्षले सहमति जनाएका छन्।

अमेरिकी र भारतीय रक्षा मन्त्रालयबीचको सरकारी संयन्त्र रक्षा नीति समूहले प्रतिरक्षा नीतिमा विशेष ध्यान दिंदै द्विपक्षीय रक्षा सहयोगसम्बन्धी सबै पक्षको व्यापक समीक्षा गर्दै आएको छ। समूहका सुझाव र मार्गदर्शनलाई दुवै पक्षले पालना गर्दै आएका छन्।

यसैबीच, अमेरिकी विदेश मन्त्रालयका प्रमुख उपप्रवक्ता वेदान्त पटेलले प्रधानमन्त्री नरेन्द्र मोदीको आगामी अमेरिका भ्रमणलाई लिएर नयाँ दिल्ली र वाशिङ्टनबीच झाङ्गिँदै गएको सम्बन्धको चर्चा गरेका थिए। आगामी असार ७ गतेदेखि प्रधानमन्त्री मोदी अमेरिकाको राजकीय भ्रमणमा जाँदै छन्। भारतसँगको अमेरिकाको साझेदारी र सम्बन्ध प्रभावकारी रहेको बताउँदै प्रवक्ता पटेलले मोदीको भ्रमणबाट अमेरिका–भारत सुरक्षा सम्बन्ध अझ सुदृढ हुने बताए। रासस

# आर्थिक सङ्कटमा परेको पाकिस्तान, मदतका लागि मित्रराष्ट्रको मुख ताक्दै

इस्लामाबाद, ६ जेठ/एएनआई

आर्थिक सङ्कटमा परेको पाकिस्तानले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)बाट छ अर्ब ५० करोड अमेरिकी डलरको पुनरुत्थान सहायता प्याकेज प्राप्तिमा विलम्ब भएपछि मित्रराष्ट्रसँग सहयोगको याचना गर्ने निष्कर्षमा पुगेको छ।

पाकिस्तानी समाचार संस्था एआरवाई न्युजका अनुसार आइएमएफ र पाकिस्तानबीच कर्मचारीस्तरमा गत फेब्रुअरीदेखि भएका आर्थिक सहायतासम्बन्धी वार्ताको परिणाम प्राप्त हुन विलम्ब भएपछि वित्तीय सहयोगका लागि मित्रराष्ट्रहरूको मुख ताक्न सरकार बाध्य भएको हो।

आइएमएफसँगको चालू ऋण कार्यक्रम आगामी महीनाको अन्तिममा मात्र समाप्त हुने र नयाँ ऋण प्याकेजका सम्बन्धमा उक्त वित्तीय संस्थाले निर्णय गरिनसकेकाले पाकिस्तान मित्रराष्ट्रसँग पालना गर्न पाकिस्तान सहमत भएको छ।




वित्तीय सहायता माग्ने बाध्यात्मक परिस्थितिमा पुगेको हो।

पाकिस्तानले आइएमएफलाई पुरानो ऋणको केही अंश चुक्ता गर्नुपर्नेछ। कालोसूचीमा पर्नबाट जोगिन आगामी महीनाको अन्त्यसम्ममा छ अर्ब डलरको व्यवस्था गर्न आइएमएफले सरकारलाई भनिसकेको छ।

आइएमएफका अधिकांश शर्तको

पूर्वप्रधानमन्त्री इमरान खानको कार्यकालमा भएका ऋणका कठोर सम्झौतालाई पनि वर्तमान सरकारले पालना गर्ने प्रतिबद्धता व्यक्त गरेको एआरवाई न्युजमा जनाइएको छ।

एआरवाईका अनुसार पाकिस्तानले अहिलेको वित्तीय समस्याबाट पार पाउन चीनसँग मदत मागेको छ। बेइजिङले दुई अर्ब ४० करोड डलर ऋण सहयोग प्रदान गर्ने विश्वास पाकिस्तानी अधिकारीले व्यक्त गरेका छन्।

यसैबीच, पाकिस्तानका अर्थमन्त्री इशाक दारले कर्मचारी तहमा भएका वार्ता एवं सम्झौतामा हस्ताक्षर गर्ने वा नगर्ने निर्णय आइएमएफमा निहित रहेको बताएका छन्।

सञ्चारकर्मीहरूसँगको कुराकानीमा उनले आइएमएफका अधिकांश शर्त पूरा गरिएका तथा पूर्वशर्तहरू लागू गरिएका स्पष्ट गरेका थिए। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – अतिथिआगमन | वृष – सुयश |
| मिथुन – अलमल | कर्कट – धनलाभ |
| सिंह – सफलता | कन्या – राज्यलाभ |
| तुला – रोगभय | वृश्चिक – व्यापारवृद्धि |
| धनु – शत्रुपराजय | मकर – सुसमाचार |
| कुम्भ – उदरपीडा | मीन – मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


# नीति तथा कार्यक्रममा शिक्षा : 'शिक्षकका मुद्दा समाधान हुने अपेक्षा, विदेशिने विद्यार्थी रोक्नेबारे अस्पष्ट'

काठमाडौं, ६ जेठ/रासस

नेपाल सरकारको नीति तथा कार्यक्रममा भएका शिक्षा क्षेत्रका विषयप्रति शिक्षक सङ्घसङ्गठन सकारात्मक देखिएका छन् भने उच्च शिक्षामा विदेश पढ्न जाने विद्यार्थी रोक्ने



सङ्घीय संसद् भवनमा शुक्रवार आयोजित आव २०८०/८१ को नीति तथा कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेल। तस्वीरः रासस

ठोस योजना नभएकामा निजी शिक्षालय सञ्चालक असन्तुष्ट देखिएका छन्।

राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रवार सङ्घीय संसद्मा प्रस्तुत गरेका आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा विद्यालयमा बालबालिकालाई ल्याउने, सिकाउने र टिकाउने कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्ने, 'पढ्दै कमाउँदै, कमाउँदै पढ्दै' कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता, सङ्घीय ऐन तर्जुमा, विषयगत शिक्षक दरबन्दी थपलगायत बुँदा समावेश गरिएका छन्।

शिक्षक सङ्गठनका नेता र निजी शिक्षालय सञ्चालकका संस्थाका प्रतिनिधिले आगामी बजेटले कसरी सम्बोधन गर्छ भन्ने अवलोकनपछि विस्तृत प्रतिक्रिया दिने जनाएका छन्। नेपाल शिक्षक महासङ्घकी अध्यक्ष कमला तुलाधरले आफूहरूले उठाएका अधिकांश मागलाई शब्दावलीका रूपमा भएपनि समावेश गरिदिएकामा सरकारलाई धन्यवाद दिंदै आसन्न बजेटमा कसरी सम्बोधन हुन्छ भनेर पर्खिनुको विकल्प नभएको बताइन्।

महासङ्घले सङ्घीय शिक्षा ऐनमा सम्बोधन हुनुपर्ने आफ्ना विषयवस्तु र शैक्षिक मागबारे दबाबमूलक धर्ना तथा प्रधानमन्त्रीसहित सम्बन्धित मन्त्रीहरूलाई ज्ञापनपत्र दिंदै आएको छ। महासङ्घले शिक्षामा कुल बजेटको २० प्रतिशत बजेट विनियोजन हुनुपर्ने, विद्यालयमा कर्मचारीलाई दरबन्दी कायम गरिनुपर्ने, प्रारम्भिक बालविकासका शिक्षकलाई प्राथमिक तृतीय श्रेणी सरहको तलब भत्ता दिइनुपर्नेलगायतका माग राख्दै आएको छ।

नेपाल शिक्षक सङ्घका महासचिव ज्ञानेन्द्रबहादुर रावलले नीति तथा कार्यक्रममा आएका विषयवस्तु सकारात्मक भएपनि कार्यान्वयनमा आशङ्का व्यक्त गरे। उनले भने, "हाम्रा सबै माग पूरा हुन्छन् भन्ने देखिएको छैन तर अधिकांश सम्बोधनका क्रममा छन्। यो कार्यान्वयन होस् भन्ने हाम्रो माग हो।"

सरकारको नीति तथा कार्यक्रममा सङ्घीय शिक्षा ऐन संसद्को यसै अधिवेशनबाट पारित गरिनेछ भनिएको छ भने शिक्षण पेशालाई मर्यादित र आकर्षक बनाउन विशेष प्याकेजको व्यवस्था गरिने उद्घोष गरिएको छ। विषय र विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी पुनरावलोकन गरी न्यूनतम शिक्षकको व्यवस्था गरिने नीति तथा कार्यक्रममा समावेश गरिएको छ। 'हाम्रो विद्यालय, बनाऔं राम्रो विद्यालय' अभियान अन्तर्गत सामुदायिक विद्यालयमा स्थानीय तहबाट विषयगत दक्ष शिक्षक दरबन्दीको व्यवस्था मिलाइने भनिएको छ।

हाल करीब ५० हजार शिक्षक दरबन्दी अपुग रहेको छ। सामुदायिक विद्यालयलाई शैक्षिक नतीजाका आधारमा अनुदान दिने व्यवस्था मिलाइने र सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीको सेवासुविधालगायतका विषयलाई सम्बोधन गरिने पनि नीति तथा कार्यक्रममा समावेश गरिएको छ।

शैक्षिकसत्रअगावै पाठ्यपुस्तक उपलब्धता सुनिश्चित गर्ने, दुर्गम र आर्थिकरूपमा विपन्न बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, दिवा खाजा कार्यक्रमलाई विस्तार गर्ने, प्रत्येक पालिकामा एक नमूना विद्यालय बनाउने, उच्च शिक्षा आयोग गठन गर्ने, विश्वविद्यालय शिक्षालाई रोजगार केन्द्रित गर्ने सरकारको प्रतिबद्धता रहेको छ।

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान)का अध्यक्ष रमेश सिलवालले नीति तथा कार्यक्रममा उच्च शिक्षालाई गुणस्तरीय बनाउने र छाता ऐन ल्याउने सवाल सकारात्मक भएको जनाउँदै विदेश जाने विद्यार्थीको बढ्दो चाप रोक्ने र गुणस्तरीय शिक्षामा फड्को मार्ने कार्यक्रम नभएको बताए।

उनले नवप्रवर्तन कोष स्थापना नयाँ भएको तर विद्यालय शिक्षामा पुरानै कुरा आएको टिप्पणी गर्दै कम्तीमा स्नातक तहसम्म नेपालमैं पढ्ने वा नेपालमा पढाइ नहुने विषय वा छात्रवृत्तिमा पढ्न चाहने वा नेपालमा भन्दा अति नै राम्रा मानिएका विश्वविद्यालयमा पढ्नका लागि मात्रै अनुमति दिने प्रबन्ध हुनुपर्ने बताए। हिसानले 'उत्कृष्ट शिक्षा नेपालमैं' भन्ने नाराका साथ गतिविधि सञ्चालन गर्दै आएको छ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन)का अध्यक्ष डिके ढुङ्गानाले समग्रमा सार्वजनिक शिक्षाको वरिपरि नीति तथा कार्यक्रम आएको टिप्पणी गर्दै ती विद्यालयको सुधारमा आफ्नो पनि समर्थन रहे पनि निजी शिक्षालयले गर्दै आएको योगदानलाई सरकारले बिर्सन नहुने बताए। "नीति तथा कार्यक्रममा निजी विद्यालयप्रतिको धारणा र विदेश अध्ययन गर्न जाने विद्यार्थी रोकेर स्वदेशकै शिक्षालयलाई उकास्ने सवालमा सम्बोधन भएको देखिएन। निजी विद्यालय पनि सरकारकै विद्यालय हुन्। निजी क्षेत्रको योगदानका बारेमा सरकारले नबोल्नुपर्ने कारण छैन," उनले भने, "सरकारले विभिन्न क्षेत्रमा विदेशी लगानी खोजिरहेको छ भने आफैं लगानी गरेर स्वरोजगार र रोजगार सिर्जना गरिरहेका निजी विद्यालयका बारेमा सम्बोधन गर्न सकिएको देखिएन।"

शिक्षा मन्त्रालयको आँकडा अनुसार आर्थिक वर्ष २०७९/८० मा ९२ हजार १४१ विद्यार्थीले विदेशमा अध्ययनका लागि अनुमतिपत्र लिएका छन्। हाल यो सङ्ख्या दैनिक पाँच सयको हाराहारीमा छ।

नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार पछिल्लो नौ महीनाको अवधिमा रु ६७ अर्ब १९ करोड बाहिरिएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु ४३ अर्ब ६७ करोड बाहिरिएको थियो।

नीति तथा कार्यक्रममा आधारभूत

(बाँकी अन्तिम पातामा)

# मेघगर्जन र चटयाङसहित पानी पर्ने सम्भावना

काठमाडौं, ६ जेठ/रासस

देशमा अहिले पश्चिमी वायुका साथै



स्थानीय वायुको सामान्य प्रभाव रहेको छ। प्रि–मनसुनी गतिविधि सक्रिय नै रहेकोले शनिवार पहाडी क्षेत्रका थोरै ठाउँमा मेघगर्जन र चटयाङसहित पानी परेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार आज कोशी, वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा मेघगर्जन तथा चटयाङसहित पानी परेको छ। ती क्षेत्रको मौसम अहिले आंशिक बदली रहेको छ।

यसैगरी, आज कोशी र मधेस प्रदेशमा हावाहुरी आएको मौसमविद् सञ्जीव अधिकारीले जानकारी दिए। आज राति पनि कोशी र गण्डकी प्रदेशमा मौसम आंशिकदेखि सामान्य बदली रहने अनुमान गरिएको छ। ती क्षेत्रका पहाडी थोरै ठाउँमा मेघगर्जन र चटयाङसहित क्षणिक वर्षाको सम्भावना रहेको छ। आगामी तीन दिन नै देशको मौसम यस्तै रहने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

# गैंडाको आक्रमणबाट एकको मृत्यु

चितवन, ६ जेठ/रासस

गैंडाको आक्रमणबाट पश्चिम चितवनमा एकजनाको मृत्यु भएको छ भने अर्का एकजना घाइते भएका छन्। मृत्यु हुनेमा भरतपुर महानगरपालिका–१७ नारायणचोकका ६० वर्षीय झलकराज पौडेल रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

पौडेललाई आफ्नै घरपछाडि काम गरिरहेको अवस्थामा शनिवार बिहान ११ बजे गैंडाले आक्रमण गरेको हो। गैंडाको आक्रमणबाट गम्भीर घाइते पौडेलको उपचारको क्रममा भरतपुर अस्पतालमा ११:४५ बजे मृत्यु भएको थियो।

यस्तै, गैंडाको आक्रमणबाट स्थानीय ५७ वर्षीय टङ्कनाथ रेग्मी घाइते भएका छन्।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड | पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# ग्रामीण पत्रकार समाज गठन, अध्यक्षमा चौरसिया

प्रस, पोखरिया, ६ जेठ/

ग्रामीण पत्रकार समाज, पर्साको पर्साको प्रमुख पर्यटकीयस्थल ठोरीको राईधारामा शनिवार सम्पन्न भेलाबाट अध्यक्षमा धर्मेन्द्र चौरसिया चयन भएका छन् । पर्साको ग्रामीण भेगमा रही पत्रकारिता गर्दै आएका पत्रकारहरूको भेलाले चौरसियाको अध्यक्षतामा १३ सदस्यीय ग्रामीण पत्रकार समाज, पर्साको नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।


तस्वीरः प्रतीक

ग्रामीण पत्रकार समाजको उपाध्यक्ष प्रमोद यादव, उपाध्यक्ष (समावेशी) ओमप्रकाश चौधरी, सचिव बलिराम शुक्ल, सहसचिव राजन बनिया र शाहरूख मन्सुरी तथा कोषाध्यक्षमा कृष्णमोहन साह चयन भएका छन्। यस्तै, सदस्यमा माधव तिमिल्सिना, चिरञ्जीवी सापकोटा, रामकिशोर चौधरी, रामजी यादव, चन्द्रशेखर प्रजापति र मिनी पञ्जियार पनि सर्वसम्मत चयन भएका छन्।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीको प्रमुख आतिथ्यमा भएको भेलामा खड्गबहादुर श्रेष्ठ (प्रताप)लगायतका पत्रकारहरूको सहभागिता थियो ।

# गौतम माविद्वारा छात्रवृत्ति परीक्षा आयोजित

प्रस, वीरगंज, ६ जेठ/

वीरगंजस्थित गौतम माध्यमिक विद्यालयले मधेस प्रदेशमैं पहिलोपटक छात्रवृत्तिको लागि परीक्षा लिएको छ ।

संस्थागत विद्यालयले कुल विद्यार्थी सङ्ख्याको १० प्रतिशत पूर्ण छात्रवृत्ति दिनुपर्ने प्रावधान अनुसार गौतम माविले पहिलोपटक छात्रवृत्तिको लागि परीक्षा लिएको हो ।

शनिवार सम्पन्न सो परीक्षामा एलकेजीदेखि कक्षा ८ सम्मका ४०९ जना विद्यार्थीको सहभागिता थियो ।

गरीब, विपन्न, जेहेन्दार, शहीद परिवार, अपाङ्ग, दलित एवं पिछडिएको क्षेत्रका विद्यार्थीलाई अङ्कको आधारमा छात्रवृत्ति प्रदान गरिने गौतम माविका कार्यक्रम संयोजक सौराज प्रधानले जानकारी दिए ।

छात्रवृत्ति परीक्षाको वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले निरीक्षणसमेत गरेका थिए । निरीक्षणका क्रममा उनले गौतम माविको प्रशंसा गर्दै अन्य संस्थागत विद्यालयले यसको अनुकरण गर्नुपर्ने बताए ।


छात्रवृत्ति परीक्षामा सहभागि विद्यार्थीहरू । तस्वीरः प्रतीक

सबै संस्थागत विद्यालयले कुल विद्यार्थी सङ्ख्याको १० प्रतिशत छात्रवृत्ति दिनुपर्ने व्यवस्था भएकोले सोको कार्यान्वयन गर्नुपर्ने नगरप्रमुख सिंहले बताए ।

# बलात्कारका फरार आरोपी पक्राउ

प्रस, वीरगंज, ६ जेठ/

बारामा १३ वर्षीया बालिकालाई बलात्कार गरी फरार रहेका एक युवकलाई प्रहरीले पक्राउ गरेको छ ।


पक्राउ परेका बैठालाई सार्वजनिक गर्दै प्रहरी । तस्वीर सौजन्यः जिप्रका, बारा

पक्राउ पर्नेमा बाराको आदर्श कोतवाल गाउँपालिका वडा नं ३ घटनियाका २५ वर्षीय बिशोरी बैठा रहेका छन्।

प्रहरीका अनुसार गत कात्तिक १६ गते राति ९:३० बजेको समयमा बैठा र उनका साथीले शौचालय गर्न घरबाहिर निस्किएकी गाउँकै १३ वर्षीया बालिकालाई बलात्कार गरेका थिए । बलात्कारको घटनालगत्तै फरार रहेका बैठालाई काभ्रे जिल्लामा लुकीछिपी बसेको अवस्थामा यही जेठ ५ गते पक्राउ गरिएको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक पुरुषोत्तम पाण्डेले जानकारी दिए ।

काभ्रेबाट पक्राउ परेका बैठालाई जिल्ला प्रहरी कार्यालय, बाराको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको प्रनाउ पाण्डेले बताए। घटनामा संलग्न बैठाका साथी फरार रहेकाले खोजी भइरहेको उनले बताए ।

# वीरगंजदेखि काठमाडौं पैदलयात्रा

वीरगंज, ६ जेठ/रासस

पर्साको श्रीसिया नदीलाई प्रदूषणमुक्त बनाउन चुरे तथा वनजङ्गल संरक्षण अभियानले वीरगंजदेखि काठमाडौंसम्मको पदयात्रा शुरू गरेको छ। श्रीसिया नदीलाई प्रदूषणमुक्त बनाउन सरकारलाई दबाब दिने उद्देश्यले अभियानका संयोजक सुनील यादवको नेतृत्वमा अभियन्ता पैदलयात्रा शुरू गरेका हुन्। प्रदूषित श्रीसिया नदीको पानी बोकेर पैदलयात्रामा निस्केको अभियन्ता सरोजराय यादवले बताए ।

वीरगंजबाट शुरू भएको पैदलयात्रा श्रीसिया नदी पर्साको वीरगंज शहर हुँदै भारतको रक्सौलसम्म पुगेको छ। पर्सा–बारा औद्योगिक कोरिडोरका उद्योगबाट उत्सर्जित हुने रसायनयुक्त प्रदूषित पानी र फोहर पदार्थ सीधैं नदीमैं उत्सर्जन हुँदै आएका कारण श्रीसिया नदी विगत तीन



तस्वीरः सौजन्य

११औं दिनमा राजधानी काठमाडौं पुग्ने र सिंहदरबारअगाडि श्रीसिया नदीको पानी पोखेर विरोध जनाउने कार्यक्रम रहेको उनले बताए ।

यसपछि पनि सरकारले ध्यान नदिए माइतीघरमा धर्ना बस्ने कार्यक्रम रहेको उनले बताए ।

पर्सा–बारा औद्योगिक कोरिडोरका उद्योगबाट निस्किने फोहोरका कारण श्रीसिया नदी प्रदूषित हुँदै आएको छ ।

बाराको सिमराभन्दा पश्चिम पर्ने रामवनस्थित वनबाट बग्न शुरू गरेको दशकदेखि प्रदूषित बनेको हो ।

छाला, डिस्टिलरी, टेक्सटाइल, घ्यू, साबुनलगायतका उद्योगबाट निस्कने रसायनयुक्त पानी खोलामा बगाइन्छ । जीवजन्तुका सडेगलेका छाला, रौं, खरानी, लेदोलगायतका विकार प्रशोधन नगरी नदीमा सीधैं बगाउने गरिन्छ। जसले गर्दा श्रीसिया नदी प्रदूषित र दुर्गन्धित बनेको हो । श्रीसिया नदी आसपासका स्थानीयले प्रदूषण रोक्न माग गर्दै पटकपटक आन्दोलनसमेत गर्दै आएका छन् ।

## नीति तथा कार्यक्रममा ....

तहमा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गरिने, दलित, अल्पसङ्ख्यक, लोपोन्मुख, पछाडि पारिएको क्षेत्र, दुर्गम तथा हिमाली क्षेत्र र आर्थिकरूपले विपन्न तथा अपाङ्गता भएका बालबालिकालाई विशेष कार्यक्रम सञ्चालन गरिने, शिक्षा क्षेत्रका सबै छात्रवृत्ति एकद्वार प्रणालीमार्फत लागू गरिने र विपन्न लक्षित कार्यक्रम विस्तार गरिने उल्लेख छ ।

## शिक्षक महासङ्घ ...

माग राख्दै दिएको अल्टिमेटममा वीरगंज महानगरपालिकाले कुनै चासो नदिएपछि आन्दोलनका कार्यक्रम अगाडि बढाइएको बताए ।

महानगर संवेदनशील नभए शिक्षक महासङ्घले आन्दोलनका थप कार्यक्रमहरू गर्ने चेतावनी दिएको थियो ।

नेपाल शिक्षक महासङ्घ, पर्साका अध्यक्ष यादवको अध्यक्षता एवं सचिव विनोद गिरीको सहजीकरणमा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, नेपाल शिक्षक महासङ्घका केन्द्रीय सदस्य चन्देश चौहान, अखिल नेपाल शिक्षक सङ्घ, पर्साका अध्यक्ष रामेश्वर पटेल, नेपाल शिक्षक महासङ्घ, वीरगंज महानगरपालिकाका अध्यक्ष विनोद मेहता, समाजवादी शिक्षक फोरम, पर्साका अध्यक्ष हरेन्द्र चौरसियालगायतको सहभागिता थियो ।


## चटयाङको समयमा सतर्क रहौं ।

**चटयाङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चीसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**








चुरे र वन क्षेत्रमा बर्सेनि डढेलो लगाइँदा चुरे उजाडसँगै वन अतिक्रमणका कारण चुरे आसपासका बस्तीहरूमा पानीको मूल मुहान, जरुवासँगै इनारमा पानीको सतह घट्दो छ । दक्षिण भेगमा दर्जनौं टच्यूबवेलमा पानी आउन छाडेको छ । निजगढ नपा–१० चीसापानीमा रहेको इनारबाट पिउने पानीको जोहो गर्दै स्थानीय । तस्वीरः जीतलाल श्रेष्ठ